**<u>यहि मिति २०८३ बैशाख महिनाको १९ गते बसेको (१४औं ) कार्यपालिका बैठकको निणर्यहरु:-</u>**

१. यस गाउँपालिका गाउँकार्यपालिकाको अघिल्लो बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्था बारे छलफल र समीक्षा गरियो ।

२. नेपाल सरकारको मिति २०८२ चैत्र २३ गतेबाट लागु हुने गरी सरकारी कार्यालय सार्वजनिक निकाय तथा शैक्षिक संस्थाहरूमा शनिवार र आइतवार सार्वजनिक विदा दिने तथा उल्लिखित कार्यालय तथा निकायहरूको कार्यालय समय सोमवारदेखी शुक्रवारसम्म ९ बजे देखी ५ बजे सम्म तोकीएकोमा अर्को व्यवस्था नभएसम्म यस महाभारत गाँउपालिका अन्तरगतका सवै कार्यालय स्वास्थ्य संस्था तथा शैक्षिक संस्थाहरू साविककै समय आइतवारदेखी विहिवार सम्म १० बजे देखी ४ बजे तथा शुक्रवार १० बजे देखी ३ बजे सम्म गर्ने भनी संस्थागत विकास तथा सुशासन समितिद्धारा प्रस्तावलाइ पारित गरी स्थानीय राजपत्रमा सुचना प्रकाशन गर्ने निर्णय गरीयो।

३. महाभारत गाँउपालिकाको अनुगमन तथा मुल्यांकन कार्यविधि २०७४ को दफा ६ को उपदफा (१) को व्यवस्था वमोजिम यस गाँउपालिकाको अनुगमन आ व २०८२।०८३ स्वीकृत वार्षिक कार्यक्रममा समावेश योजनाहरू अनुगमन तथा मुल्यांकन समितिबाट तयार भएको प्रतिवेदन कार्यपालिकामा पेश गरी छलफल गर्ने व्यवस्था वमोजिम उक्त प्रतिवेदनमाथि छलफल गरीयो।

४. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहयोगमा यस गाँउपालिकाको वडा नं ८ मा निर्माण भइरहेको Construction of 10 Bed Basic Hospital Building at Ghartichhap, Contract Identification Number ; WORKS/MRMO/077-78/18 को लागि यस गाँउपालिका र श्री KSHAMADEVI/NEW DRAIGON JV Kaushaltar, Bhaktapur बिच भएको सम्झौतालाइ ठेक्का सम्झौताको अवधि समाप्त भएको मितिदेखी लागु हुने गरी २०८३।०२।३१ सम्मका लागि थप गर्ने भनी पूर्वाधार विकास शाखाको प्रस्तावलाई स्वीकृत गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सोको जानकारी दिने समेत निर्णय गरीयो।

५. महाभारत गाँउपालिकाको कार्यसञ्चालन निर्देशिका २०७९ दफा ८ को उपदफा (७) को व्यवस्था वमोजिम सवारी साधन मर्मतका लागि वार्षिक सीमा (कार।जिप रू १५००००। । मोटरसाइकल रू २००००।) तोकीएको र सो भन्दा वढि रकम खर्च गर्नुपर्ने अवस्थामा कार्यपालिकाको निर्णय वमोजिम हुने व्यवस्था वमोजिम गाँउपालिका अन्तरगतका मोटरसाइकल स्कुटर मर्मतको लागि उल्लिखित सिमा भन्दा वढिको मर्मत

आदेश स्वीकृत गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने भनी संस्थागत विकास तथा सुशासन समितिको प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरीयो।

६. यस वर्ष वैशाख देखी नै निरन्तर वर्षाको कारण महाभारत गाँउपालिका अन्तरगतका मुल सडक तथा शाखा सडकहरू पटक पटक अवरूद्ध भइरहेकाले यातायात संचालनमा अवरोध सिर्जना हुनुका साथै स्थानीय वासिन्दाको दैनिक आवागमन तथा अत्यावश्यक सेवामा समेत प्रत्यक्ष असर परेको र जनगुनासो समेत प्राप्त भएकोले गाँउपालिका स्वीकृत गरेको सडक गुरूयोजनामा समावेश भएका १ नं प्राथमिकतामा परेका सडकहरूलाई नियमित मर्मत सम्भार गर्नका लागि विपद व्यवस्थापन कोषवाट खर्च हुने गरी १० लाख रकम विनियोजन गर्ने ।

७. महाभारत गाँउपालिकाको स्काभेटर र व्याकुलोडर मसिन प्रचलित कानून वमोजिम मर्मतसम्भार गर्न व्याकुलोडर संचालक समिति र कार्यालयलाई निर्देशन दिने।

८. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ बमोजिम आगामी आ व को वजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी तोकिएको सीमा र समय अवधिभित्र प्राथमिकीकरण गरी वडा समिति तथा विषयगत समितिवाट वार्षिक बजेट तथा कार्यक्रमको प्रस्ताव वजेट तथा कार्यक्रम तर्जुमा समिति समक्ष पेश गर्न निर्देशन दिने।

[illegible] 082/09/25

प्रवक्ता